**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय

प्रेस विज्ञप्ति १७ मई २००६

---

# सार्वजानिक सुरक्षा ऐन प्रयोगका सम्बन्धमा नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयद्वारा गृह मन्त्रालयसमक्ष चिन्ता व्यक्त

पूर्व पाँच मन्त्रीहरूलाई निवारक नजरबन्दमा राख्न सार्वजानिक सुरक्षा ऐनको प्रयोगका सम्बन्धमा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले आज चिन्ता व्यक्त गरेको छ ।

पूर्वमन्त्री कमल थापा (गृह), रमेशनाथ पाण्डे (परराष्ट्र मामिला), श्रीष शमसेर जबरा (सूचना तथा संचार), टंक ढकाल (स्थानीय विकास) र निक्ष शमसेर जबरा (स्वास्थ्य) लाई १२ मई २००६ मा पक्राउ गरिएको थियो र उनीहरूलाई अहिले नेपाल प्रहरी प्रतिष्ठान र सशस्त्र नेपाल प्रहरीको पहरागण त्रिपुरेश्वरमा राखिएको छ । नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले पाँचैजना बन्दीहरूलाई १४ मई २००६ मा भेट गरेको र सबै थुनुवाहरू सामान्यता मानवोचित अवस्थामा रहेका छन् ।

सार्वजनिक सुरक्षा ऐनको प्रयोगले पक्राउ र थुनासम्बन्धी गम्भीर प्रश्नहरू उठाएका छन् भन्ने उच्चायुक्तको कार्यालयको विश्वास छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारीद्वारा जारी नजरबन्दको पूर्जीहरूअनुसार, सबै बन्दीहरू "जनआन्दोलनबाट प्राप्त जनताको सार्वभौमसत्ता र जनाधिकारलाई खलल पुऱ्याउने किसिमका गोप्य बैठकलगायतका षड्यन्त्रमूलक क्रियाकलाप गरिरहेका" थिए । तर, नजरबन्दका पूर्जीहरूले के आधारमा यी आरोपहरू लगाइएका हुन् भन्ने खुलाएको छैन, न त "षडयन्त्रमूलक क्रियाकलापहरू" भनेको के हो र कसरी यस्ता गतिविधिहरूले "नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पुऱ्याउँछन्" भन्नेबारे खास विवरण नै दिइएको छ ।

'अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको उल्लङ्घन गर्दै व्यक्तिहरूलाई निवारक नजरबन्दमा राख्नका निम्ति विगतमा भएको सार्वजनिक सुरक्षा ऐनको प्रयोगलाई नेपालस्थित उच्चायुक्तको कार्यालयले बारम्बार भर्त्सना गरेको छ । विधिको शासनलाई अगाडि बढाउन र मानवअधिकारको पूर्ण रूपले सम्मान गर्न नयाँ मापदण्डहरू स्थापना गर्नुपर्ने बेलामा नयाँ सरकारले यो अभ्यासलाई जारी राख्नु दुःखलाग्दो कुरा हो । ''मानवअधिकार उल्लंघनमा जिम्मेवारहरूलाई न्यायिक कठघरामा उभ्याइनुपर्दछ । तर, अघिल्लो सरकारअन्तर्गतका गतिविधिहरूसँग सम्बन्धित आरोपित जोसुकैको मानवअधिकारको पूर्णरुपमा सम्मान सुनिश्चित गर्न म अधिकारीहरूलाई आग्रह गर्दछु ।'' नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका प्रतिनिधि श्री इयान मार्टिनले भन्नुभयो ।

---

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***